annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक २३४ पृष्ठ ८ | काठमाडौं, आइतबार १४ पुस २०८१ | पौष कृष्णपक्ष चतुर्दशी नेपाल संवत् ११४५ | SUNDAY, DECEMBER 29, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# भण्डारी भ्रमणका तरंग

## के होला त पूर्वराष्ट्रपतिको राजनीतिमा पुनरागमन ?

पूर्वराष्ट्रपति भण्डारीको भनाइ छ, 'पार्टीले मलाई सांसदको उम्मेदवार बनायो, सांसद बनायो, मन्त्री पनि पार्टीले बनाएको हो। राष्ट्रपति पनि मेरो व्यक्तिगत चाहना होइन। पार्टीले नै बनाएको हो। देश र जनताको सेवा गर्न आवश्यक परे जुनसुकै जिम्मेवारीबाट म पछि हट्ने छैन।'

**केशवशरण लामिछाने** | *पोखरा*

**– को रिपोर्ट**

समाचार पृष्ठ २



## सुडानमा विद्रोही अर्धसैनिक समूहको आक्रमणमा २० को मृत्यु, १७ घाइते



**पश्चिमी सुडान** (एजेन्सी) : पश्चिमी सुडानको एल फसार सहरका दुई शरणार्थी शिविरमा विद्रोही अर्धसैनिक र्‍यापिड सपोर्ट फोर्स (आरएसएफ) ले गरेको आक्रमणमा कम्तीमा २० जनाको मृत्यु भएको छ। आक्रमणबाट १७ जना घाइते भएका छन्।

शुक्रबार राति विद्रोही अर्धसैनिक आरएसएफले स्कुलमा चार बम खसालेको थियो। शनिबार बिहान उत्तरमा रहेको अबुशौक विस्थापन शिविरमा विद्रोही अर्धसैनिक आरएसएफले गोलाबारी गरे, जसमा एक नागरिकको मृत्यु भयो र एक युवती घाइते भइन्,' उत्तरी डार्फर राज्यका स्वास्थ्य महानिर्देशक इब्राहिम खातिरले भने।

गेजिरा राज्यको राजधानी वड मदनीमा रहेको प्रतिरोध समितिले भनेको छ, 'शुक्रबार बिहान, आरएसएफले अल कमलिन क्षेत्रको अलसेरिहा गाउँमा भारी गोलाबारी र बमबारी गरेका छन्,' समितिले भनेको छ, 'अलसेरिहा गाउँका ५३ भन्दा बढी सर्वसाधारण मारिएका छन भने २ सयभन्दा बढी अन्य घाइते भएका छन्।

घाइतेमध्ये केहीको अवस्था गम्भीर छ।' विद्रोही अर्धसैनिक आरएसएफले एल फशरमा भएका दुई घटनाबारे अहिलेसम्म कुनै टिप्पणी गरेको छैन। उत्तरी डार्फर राज्यको राजधानी शहर एल फशरमा मे १० देखि सुडानी सशस्त्र बल (एसएएफ) र आरएसएफबीच भीषण झडप भइरहेको छ।

अन्तर्राष्ट्रिय संस्थाहरूको पछिल्लो अनुमान अनुसार, सुडानमध्ये अप्रिल सन् २०२३ देखि विनाशकारी द्वन्द्वको चपेटामा छ। यसले कम्तीमा २९ हजार ६८३ जनाको ज्यान लिइसकेका तथा १४ लाखभन्दा बढी मानिसहरू विस्थापित भएका छन्।

# अस्ताए न्यायका हस्ती

**दिनेश गौतम** | *काठमाडौं*

सर्वोच्च अदालतका पूर्वन्यायाधीश प्रकाश वस्तीको निधन भएको छ। वस्तीको हृदयघातका कारण शुक्रबार निधन भएको हो।

७१ वर्षीय वस्तीलाई उपचारका लागि थापाथलीस्थित नर्भिक अस्पतालमा पुर्‍याइएको थियो। उनको शुक्रबार राति नै निधन भएको अस्पतालले जनाएको छ। वस्तीका श्रीमती, एक छोरा र तीन छोरी छन्। अमेरिकामा रहेका छोरा डा. प्रणव फर्केपछि आइतबार अन्त्येष्टि गरिने पारिवारिक स्रोतले जनाएको छ।

२०६५ सालमा वस्ती सर्वोच्च अदालतमा अस्थायी न्यायाधीशका रूपमा प्रवेश गरेका थिए। अस्थायी न्यायाधीशका रूपमा प्रवेश गर्दा उनी प्रधानन्यायाधीशको रोलक्रममा थिए। दरबन्दी रिक्त हुँदाहुँदै पनि न्यायपरिषद्‌ले स्थायीमा सिफारिस नगरेको र पदावधि पनि नथपेका कारण उनको प्रधानन्यायाधीश हुने सपना पूरा भएन। अस्थायी न्यायाधीशकै रूपमा न्याय सम्पादन गरेको पाँच वर्षपछि सर्वोच्चबाट बाहिरिनु परेको थियो।

वस्तीलाई 'नेपाली कानुनी र न्यायिक इतिहास'को इन्साइक्लोपेडियाको संज्ञा दिने



गरिएको सर्वोच्चका पूर्वन्यायाधीश बलराम केसीले बताए। 'न्यायपरिषद्‌ले समय छँदै उहाँ (वस्ती) लाई स्थायी गर्नुपर्थ्यो,' पूर्वन्यायाधीश केसीले भने, 'सर्वोच्चमा लामो अवधि न्याय सम्पादन गर्नबाट बञ्चित गर्ने काम न्यायपरिषद्‌ले गर्‍यो।'

वस्तीको देवानी एवं भ्रष्टाचारजन्य मुद्दामा विशेष दखल थियो। पूर्वन्यायाधीश वस्तीले कानुनको शिक्षण, कानुन व्यवसायी, अख्तियार दुरुपयोग आयोगको कानुनी सल्लाहकार, सम्पादक, लेखकका रूपमा समेत उल्लेखनीय कार्य गरेको पूर्वन्यायाधीशहरू बताउँछन्। सर्वोच्च अदालतका पूर्वन्यायाधीश पुरुषोत्तम भण्डारीले वकालतका साथै न्याय सम्पादनमा समेत वस्ती अब्बल भएको बताए।

'सर्वोच्च अदालतमा स्थायी न्यायाधीश हुनुपर्ने व्यक्ति हो। दुर्भाग्य भनौं अस्थायी मै रहनुपर्‍यो,' पूर्वन्यायाधीश भण्डारीले भने, 'कानुन, न्याय र मानव अधिकारको क्षेत्रमा उहाँको राम्रो पर्फर्मेन्स थियो। कानुन र न्यायसम्बन्धी पुस्तक प्रकाशन पनि गरिरहनु हुन्थ्यो। न्यायक्षेत्रका लागि अपुरणीय क्षति भएको महसुस गरेको छुँ।' अध्ययन र लेखनमा रुचि राख्ने वस्ती विकृतिविहीन न्यायपालिकाको पक्षमा खरो लेखन एवं अभिव्यक्ति दिने गर्दथे।

सर्वोच्च अदालतका बहालवाला एक न्यायाधीशका अनुसार, पछिल्लोपटक भएको भेटघाटमा समेत वस्तीले आफ्नो नयाँ पुस्तक प्रकाशोन्मुख रहेको र छिट्टै उपलब्ध गराउने बताएका थिए। वस्तीद्वारा लिखित एवं सम्पादित पुस्तकहरूको प्रकाशन गर्दै आएको पैरवी प्रकाशनका एक कर्मचारीका अनुसार, एक साताअघि मात्रै उनले अध्ययनका लागि केही पुस्तक लिएर गएका थिए। वस्तीले राष्ट्रिय मानव अधिकार आयोगमा सदस्यका रूपमा समेत बस्तीले ६ वर्ष काम गरेका थिए।

लक्ष्मीप्रसाद र रोहिणी वस्तीको कोखबाट गोरखामा जन्मिएका वस्तीका पिता पनि पूर्वन्यायाधीश हुन्। पारिवारिक माहौलका कारण पनि वस्ती कानुन र न्यायको क्षेत्रमा आकर्षित भएका थिए। युवावस्थादेखि नै कानुन व्यवसाय र शिक्षण पेसालाई एक साथ अघि बढाएका थिए। २०३४ सालदेखि २०५५ सालसम्म उनले पृथ्वीनारायण क्याम्पस पोखरामा र नेपाल ल क्याम्पसमा कानुन विषयको शिक्षण गरेका थिए। झन्डै ३१ वर्ष शिक्षण पेसामा बिताएका थिए।

त्यस्तै, २०३३ देखि २०६५ सालसम्म उनले अधिवक्ता/वरिष्ठ अधिवक्ताको रूपमा वकालतकर्म गरेका थिए। शिक्षण पेसाबाट राजीनामा गरेर उनी पूर्णरूपमा वकालतमै जमेका थिए। नेपाल बार एसोसिएसन (२०४८/२०५१) मा उनी निर्विरोध महासचिवको रूपमा काम गरेका थिए। त्यसअघि उनी सर्वोच्च बार एसोसिएसनमा दुई कार्यकाल सचिवसमेत भएका थिए।

» बाँकी पृष्ठ ६

## 'देश र जनतालाई केन्द्रमा राखौं'



**काठमाडौं** (अन्नपूर्ण): कांग्रेस सभापति शेरबहादुर देउवाले अग्रज नेताहरूले देखाएको बाटोबाट अघि बढ्दै जनताको सेवामा केन्द्रित हुनुपर्ने बताएका छन्।

काठमाडौं महानगरपालिकाका पूर्वमेयर एवं कांग्रेस नेता पीएल सिंहको १३औं पुन्यतिथिका अवसरमा शनिबार आयोजित श्रद्धाञ्जलिसभामा देउवाले अग्रज नेताहरूले देश र जनतालाई केन्द्रमा राखेर गरेका अधुरा कामहरूलाई अघि बढाउनुपर्ने बताएका हुन्।

सभापति देउवाले स्वर्गीय पीएल सिंहले जनताको सेवाका लागि गरेका कामहरूको स्मरण गरे। पीएल सिंहले नेपालको प्रजातान्त्रिक आन्दोलनमा ठूलो योगदान दिएको भन्दै देउवाले उनको निधनले पार्टीलाई मात्रै नभई देशलाई नै ठूलो क्षति भएको धारणा राखे।

त्यस्तै, अन्य कांग्रेस नेताहरूले पीएल सिंहको योगदानको स्मरण गरेका थिए। लामो समयदेखि आन्द्राको समस्याबाट पीडित ८५ वर्षीय सिंहको पुस १ गते निधन भएको थियो।

# मिथिलामा राजदूत दम्पतीको वैवाहिक वर्षगाँठ

**मनिका झा** | *जनकपुरधाम*

दौरासुरुवाल र ढाका टोपीमा सजिएका थिए- नेपालका लागि बेलायती राजदूत रब फेन। अनि, निकै सुन्दर गुलाबी रंगको सारी, चुरा र गरगहनामा बेहुली थिइन्, उनकी धर्मपत्नी जुलिया फेन। बेहुला रब र बेहुली फेन शनिबार बिहान १० बजे जानकी मन्दिरमा प्रवेश गरे। जहाँ उत्सव थियो, फेन दम्पतीको २२ औं वैवाहिक वर्षगाँठ समारोहको। जुन मिथिला परम्पराअनुसार मनाउने प्रबन्ध गरिएको थियो। फेन दम्पतीले जानकी मन्दिरको अगाडि उभिए, एकले अर्कोलाई माला लगाए। राजदूत रबले पत्नी जुलियालाई रातो सिन्दुर लगाए, अनि सुरु भयो विवाहको परम्परा। रातो तिलहरी र पोते पनि पत्नीलाई लगाइदिए। जानकी मन्दिरका उत्तराधिकारी महन्थ रामरोशन रोशन दासले राजदूत रबको टाउँको मौर (मिथिलामा बिहेको बेला बेहुलालाई लगाइने विशेष टोपी) पहिरिदिए।

बेहुली फेनलाई मैथिल चुनरी लगाइयो। मधेस प्रदेश शिक्षा तथा संस्कृतिमन्त्री रानी शर्माले दुवै जनाको गठबन्धन(लगनगाँठो) बाँधिन्। सिन्दुर, पोते र माला लगाएपछि राजदूत रबले पत्नी फेनलाई उपहार स्वरूप औंठी लगाइदिए। वैवाहिक वर्षगाँठ कार्यक्रमको साक्षी बने, मधेस प्रदेशका सभामुख रामचन्द्र मण्डल, जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोज साह,



पूर्वमेयर बलरामप्रसाद साह, जनकपुरका प्रहरी उपरिक्षकलगायत दर्जनौं गन्यमान्य व्यक्तित्वहरू। राजदूत रबले आफ्नो २२ औं वर्षगाँठ जनकपुरमै मनाउने योजना पछिल्लो दुई पटकको जनकपुर भ्रमणपछि बनाएका थिए। 'जनकपुर रामसीताको वैवाहिक नगरी मात्र नभई प्रेम र मायाको उद्‌गम स्थल भएकाले यहाँ वर्षगाँठ मनाउने निर्णय गरेका हौं,' राजदूत रबले भने, 'यस नगरीलाई वैवाहिक गन्तव्यका रूपमा विकास गर्ने संघ र प्रदेश सरकारको योजनालाई सघाउ पुर्‍याउनसमेत हामीले आफ्नो वर्षगाँठ यहाँ मनाउने निर्णय गरेका हौं।'

हिन्दू धर्मग्रन्थका आदर्श जोडी भगवान् राम र सीताको वैवाहिक स्थल जनकपुरलाई वैवाहिक गन्तव्यका रूपमा स्थापित गर्न संघ सरकार र प्रदेश सरकार दुवैले नीति तथा कार्यक्रम अगाडि सारेका छन् जसलाई चौतर्फी सहयोग प्राप्त हुन थालेको छ।

**यस्तो छ संघ र प्रदेशको योजना**

**संघीय सरका**रको वार्षिक बजेट ०८१/०८२ को ७१ नम्बर बुँदामा भनिएको छ- नेपालमा वैवाहिक समारोह आयोजना गर्न आउने पर्यटकलाई सहजीकरण गरी सांस्कृतिक तथा पर्यटकीय गन्तव्यलाई विवाह गन्तव्यका रूपमा विकास गरिनेछ। राम जानकीको विवाहस्थल जनकपुरलाई वेडिङ हव र गौतम बुद्ध जन्मस्थल लुम्बिनीलाई बर्थिङ्ग हवका रूपमा प्रबर्द्धन गरिनेछ।'

त्यसैगरी मधेस प्रदेश सरकारको ०८१/८२ को वार्षिक नीति तथा कार्यक्रमको १७५ नम्बर बुँदामा 'त्रेता युगकालीन परम्परालाई संस्थागत गर्ने उद्देश्यले जनकपुरधामलाई संघ, प्रदेश, बृहत्तर जनकपुर र स्थानीय सरकारको समन्वयमा अन्तर्राष्ट्रिय वैवाहिक स्थलको रूपमा विकास गर्ने नीति लिइनेछ।' मधेस प्रदेश शिक्षा तथा संस्कृतिमन्त्री रानी शर्मा भन्छिन्, 'मधेसभन्दा पनि मिथिलाञ्चलमा हुने वैवाहिक परम्परा निकै उत्कृष्ट छ। यहाँ विवाहलाई मात्रै उत्सवभन्दा पनि संकल्पका रूपमा मनाइन्छ।

» बाँकी पृष्ठ ६